**CDC Journal, Year 33, No. 47, August 2025, DOI: https://doi.org/10.3126/cdj.v33i47.83475**
**Received Date: September 29, 2024 Accepted Date: August 3, 2025**

# *मैले सरिताको* हत्या गरेँ कथामा कथनीयता

***गोविन्द लुइटेल***
त्रिचन्द्र क्याम्पस, त्रिवि, काठमाडौँ
***Corresponding Email:*** *luitelgobinda@gmail.com*
*Orchid ID: https://orcid.org/0009-0004-1292-1234*

## लेखसार

*प्रस्तुत लेख 'मैले सरिताको हत्या गरेँ' कथाको कथनीयताको अध्ययनमा केन्द्रित रहेको छ । यस लेखमा कथनीयताअन्तर्गत मुख्य रूपमा उक्त कथाको कथनीय सार तथा कथनीयताको गुणको विश्लेषणात्मक मूल्याङ्कन गरिएको छ । कथनीयता कथाभित्रको विशिष्ट कथात्मक गुण हो र यसकै जगमा कथा कथनयोग्य बन्दछ । यस लेखमा कथनीयताको यही सैद्धान्तिक मान्यताका आधारमा 'मैले सरतिाको हत्या गरेँ' कथामा पाइने कथनीयताको विश्लेषण गरिएको छ । यसमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ भने प्राथमिक सामग्री छनौटमा सोद्देश्य नमुना पद्धतिलाई अपनाइएको छ । पाठ विश्लेषणमा आधारित भई शब्द र वाक्यको विश्लेषण गरी अर्थ निर्धारण गरिएकाले यो गुणात्मक अध्ययन पद्धतिको अवलम्बनबाट गरिएको अध्ययन हो । यसमा सामग्री विश्लेषण गर्दा सैद्धान्तिक ढाँचामा कथनीयताको सैद्धान्तिक स्वरूपको उपयोग गरिएको छ । विश्लेषणको ढाँचाअन्तर्गत कथनीयताका सूचकको निर्माण गरी त्यसकै आधारमा सामग्री विश्लेषण गरिएको छ । यस लेखमा कथनीयता सम्बद्ध पक्षको अध्ययन गरी तिनको अन्तःसम्बन्धबाट निर्मित कथासंरचना र त्यसमा अन्तर्निहित कला पक्षको निरूपण पनि गरिएको छ । यस अध्ययनमा प्रस्तुत कथामा मूलतः अपराध मनोवृत्तिलाई कथनीयता बनाइएको छ र कथनीयता अनुकूल काल्पनिक घटना एवम् पात्रको संयोजन गरी कथनीयताको उपयुक्त ढङ्गले नाटकीकरण गरिएकाले कथनीयता विश्वसनीय बन्नुका साथै कलात्मक पनि बनेको पाइन्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** कार्य, चेतना, परिदृश्य, सङ्केन्द्रक, समाख्याता ।

## विषयपरिचय

'मैले सरिताको हत्या गरेँ' गोविन्दबहादुर मल्ल 'गोठाले' (१९७९-२०६७) द्वारा लिखित मनोविश्लेषणात्मक प्रवृत्तिको कथा हो । 'गोठाले' कथाकार, उपन्यासकार, नाटककार, कवि आदि व्यक्तित्वका रूपमा परिचित भए पनि कथाकारका रूपमा चर्चित छन् । वि.सं. १९९७ मा 'त्यसको भाले' शीर्षकको कथा प्रकाशित गरेर नेपाली कथा साहित्यमा प्रवेश गरेका 'गोठाले' मनोविश्लेषणात्मक यथार्थवादी कथाकार

हुन् । वि.सं १९९२ मा विश्वेश्वरप्रसाद कोइरालाबाट सुरू गरिएको मनोविश्लेषणात्मक यथार्थवादी धाराको प्रवर्धनमा 'गोठाले' को महत्वपूर्ण योगदान रहेको छ । उनका कथासङ्ग्रह (२००२), कथैकथा (२०१६), प्रेम र मृत्यु (२०३९), बाह्र कथा (२०५२) र जङ्गबहादुर र हिरण्य गर्भकुमारी (२०६१) गरी पाँचओटा कथासङ्ग्रह प्रकाशित छन् । यीबाहेक फुटकर रूपमा पनि विभिन्न पत्रपत्रिकामा उनका कथाहरु प्रकाशित छन् । उनका कथामा यौनेतर मनोविलेषण, यौनमनोविश्लेषण, बालमनोविश्लेषण तथा अपराध मनोविश्लेषणका विभिन्न पक्षको उद्घाटन गरिएको पाइन्छ । उनका कथामा पात्रहरूको मानसिक द्वन्द्वका साथै अपराध गर्न उद्यत र अपराध गरिसकेपछि उत्पन्न हुने पश्चातापको मानसिक द्वन्द्वलाई प्रस्तुत गरिएको भेटिन्छ । पात्रहरूका मनमा उत्पन्न हुने मानसिक द्वन्द्वबाटै 'गोठाले' का कथाको कथानक तयार पारिएको पाइन्छ । उनका कथामा अचेतनको यौनाग्रह र त्यसले चेतन मनमा पार्ने प्रभावको विश्लेषण गरी सामूहिक अचेतन मनलाई राम्ररी खोतलेको पाइन्छ । घृणा, हीनता, अहम्ता, शङ्का, रिस आदि जस्ता मानसिक संवेग र अचेतनमा दमित अपराध, हत्या, धोका, दमन आदि भाव र यसको प्रकटीकरणबाट हुने क्षतिलाई 'गोठाले' का कथामा कथनीयता बनाइएको भेटिन्छ । 'मैले सरिताको हत्या गरेँ' मानसिक संवेग एवम् अपराध मनोवृत्तिको चित्रण गरेर लेखिएको मनोविश्लेषणमा आधारित कथा हो । यस कथामा अपराध मनोवृत्ति र यसबाट उत्पन्न हुने विकृत मनोदशालाई कथनीयता बनाइएको छ ।

'मैले सरिताको हत्या गरेँ' कथाको विश्लेषण समाख्यानका विभिन्न कोणबाट गर्न सकिन्छ । यस कथाको विश्लेषण समाख्याता तथा समाख्यानात्मक वाच्यत्वका आधारमा सामान्य रूपमा भए पनि कथनीयताका कोणबाट भने अहिलेसम्म हुन सकेको छैन । यही नै यस कथासम्बन्धी अध्ययनको अन्तराल हो । यस सन्दर्भमा प्रस्तुत कथाको कथनीयता केकस्तो छ भन्ने प्राज्ञिक जिज्ञासालाई नै अध्ययनको मुख्य समस्या बनाइएको छ । कथनीयताले कथामा भन्न लायक खास कुरालाई बुझाउँछ र कथामा भन्न लायक उल्लेख्य गुण हुनुपर्छ भन्ने मान्यता समाख्यानशास्त्रमा रहेको पाइन्छ । यस अध्ययनमा कथनीयताको यही सैद्धान्तिक मान्यताका आधारमा कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले' को 'मैले सरिताको हत्या गरेँ' कथाको विश्लेषण गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । साहित्यशास्त्रीय भएकाले यो मूलतः विधागत पाठविश्लेषणमा आधारित छ । यसमा 'मैले सरिताको हत्या गरेँ' कथालाई विश्लेषणका निम्ति प्राथमिक सामग्रीका रूपमा लिई अर्थ निर्धारण गरिएकाले यो गुणात्मक पद्धतिबाट गरिएको अध्ययन हो । यसमा सामग्री सङ्कलनमा पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ र सोद्देश्य नमुना पद्धतिको अवलम्बन गरी सङ्कलित सामग्री विश्लेषण र अर्थापन कार्य सम्पन्न भएको छ । 'मैले सरिताको हत्या गरेँ' कथालाई प्राथमिक सामग्री र उक्त कथासँग सम्बद्ध अन्य अध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ भने सामग्री विश्लेषणका निम्ति कथनीयताको सैद्धान्तिक

स्वरूपलाई आधार बनाइएको छ । विश्लेषणको अवधारणात्मक ढाँचामा कथनीयताअन्तर्गत कथनीय सार एवम् कथनीयताको गुणलाई आधार मानिएको छ ।

## सैद्धान्तिक स्वरूप

कथनीयताले कथामा अन्तर्निहित कथनयोग्य गुणलाई बुझाउँछ । समाख्यानमा मानव वा मानव जस्तै अभिवृत्ति र कार्यको व्याख्या हुन्छ र कथनीयता यसमै अन्तर्निहित हुन्छ । कथनीयता पाठमा सारका रूपमा रहेको हुन्छ (ब्रुनर, सन् १९९१, पृ. १३-१४) । कथामा कुनै अभिवृत्ति वा कार्यको उपस्थापन गरिन्छ र त्यसबाट कुनै सार अभिव्यक्त हुन्छ । समाख्यानमा यस्तो सार नै कथनीयताका रूपमा रहन्छ । कथामा विशिष्ट कथनीय गुण हुनुपर्छ । सन्तुष्टिका लागि मान्छेले आफ्नो इच्छालाई स्थगित गर्न सक्ने क्षमता, कथाप्रस्तुतिका तप्काहरूलाई संयोजन गर्ने क्षमता र कथा वा कथा अनुक्रमको विन्दुसँग महत्त्वपूर्ण घटनाहरूलाई सम्बद्ध गर्ने क्षमता गरी समाख्यानमा तीनओटा कथनीय क्षमता हुन्छन् (लेच, सन् १९८६, पृ. ३४) । समाख्यानशास्त्रीहरूले कथनीयतालाई कथा भन्न योग्य बनाउने समाख्यानभित्रको मूलभूत तप्काका रूपमा हेरेको देखिन्छ । एउटा कथासँग के भयो र यो किन भन्न योग्य छ भन्ने दुईवटा तप्का हुन्छन् (ब्रुनर, सन् १९९१, पृ. १२) । यसमा के भयो भन्ने कुराले कथावस्तुलाई सङ्केत गर्छ भने किन भन्न योग्य छ भन्ने कुराले कथनीयतालाई सङ्केत गर्छ । कथामा भन्न लायक विशिष्ट गुण हुन्छ । यस्तो विशिष्टता उच्च तहको आनुभविकताका रूपमा रहेको हुन्छ । यसले समाख्येय पाठको केन्द्रीय तप्कामाथि प्रकाश पार्छ र यसलाई विकासनशील कथांशमा जोड्न सक्छ (फ्लुडर्निक, सन् १९९६, पृ. ७०) । कथामा पाठकले दृष्टि दिने केही विशिष्ट पक्ष हुन्छन् । ती पक्षहरूबाट कथनीयता पहिचान गर्न सकिन्छ । कथामा मूल्याङ्कनका मापकहरु रहेका हुन्छन् र तिनै मूल्याङ्कनका मापकहरूले नै कथाको निर्माण गर्दछ र त्यसबाट समाख्याताको कथाप्रतिको दृष्टिकोण उजागर हुन्छ (ल्याबोभ र वालेज्की सन् १९६७, पृ ३७) । कथनीय हुनका लागि एउटा कथाले परम्परागत साहित्यिक मूल्यको उल्लङ्घन गर्छ भन्ने मान्यता ब्रुनरको रहेको पाइन्छ । प्रासङ्गिक घटना एवम् विमर्शले कथालाई कथनयोग्य बनाउँछन् र त्यो पाठकका लागि रूचिपूर्ण हुन्छ । यो विशेष गरी प्रासङ्गिक घटना एवम् विमर्शहरूमा निर्भर रहन्छ । कथनीयता पाठमा विशिष्ट घटना वा सन्दर्भको विशिष्ट अर्थका रूपमा पाठकले पत्ता लगाउने महत्वपूर्ण प्राप्ति हो (बरोनि, सन् २००७, पृ. १) । समाख्यानमा कथनीयतालाई कार्य र चेतना गरी दुई आधारबाट पहिचान गर्न सकिन्छ (ब्रुनर, सन् १९९१, पृ. १३-१४) । कार्य परिदृश्यअन्तर्गत कथामा पात्र वा अभिकर्ताका माध्यमबाट कथनीयता सङ्केतित हुन्छ । चेतना परिदृश्यअन्तर्गत कार्यात्मक तहमा रहेका पात्रहरूले के जाने, के विचार गरे वा के अनुभव गरे वा के जानेनन्, के विचार गरेनन् वा के अनुभूत पनि गरेनन् भन्नेमा ध्यान दिइन्छ (ब्रुनर, सन् १९९१, पृ. १३-१४) । यसमा पात्रको अभिवृत्ति वा कार्यबाट नभएर उसको चेतनाको तहबाट कथनीयता सङ्केतित हुन्छ । कथामा पात्रको चेतनाका विशिष्टता र सीमा जस्ता कुरा यसमा आउँछन् । कथाकारले पात्रहरूलाई केकस्तो सम्भावनाको कुन संसारतर्फ डोहोर्‍याएको छ र अनुभवको केकस्तो संसारतर्फ आकर्षण गरेको छ भन्ने कुराबाट कथनीयता प्रस्टिन्छ ।

समाख्यानमा भन्न खोजिएको खास कुरालाई कथनीयताका रूपमा बुझिन्छ । कथामा कुनै एक बिन्दु, शिक्षा, दृष्टिकोण वा रूचिकर अनुभव हुन्छ र त्यो नै कथनीयता हो । कथनीयता समाख्याताहरूद्वारा निर्धारण गरिएका विशिष्ट घटनाको प्रकृतिमा निर्भर रहन्छ । महत्वपूर्ण वा आश्चर्यजनक र विशिष्ट सन्दर्भमा कथन गर्न उपयुक्तताका रूपमा यसले कथालाई विन्दु प्रदान गर्छ (बरोनि, सन् २०१४, पृ. १) । यो लेखकको विशिष्ट आनुभविकतासँग सम्बन्धित हुन्छ । यसले कथालाई भन्न लायक बनाउँछ भन्ने मान्यता रहेको पाइन्छ । कथाकृति पढिसकेपछि त्यसबाट पाठकले पाउने भावार्थ वा अभिप्राय नै सारवस्तु हो (श्रेष्ठ, २०५७, पृ. १०) । यसमा कथनीय पक्ष मात्र नभएर कथनीयताको गुण पनि समावेश भएको हुन्छ । कथावाचकलाई कुनै कथा भन्न योग्य लाग्यो भने वा त्यो आश्चर्यजनक वा खास प्रसङ्गमा वाचनयोग्य छ भने त्यसमा कथनीयता भएको मानिन्छ । यो कथावस्तुभित्रको आधारभूत एवम् महत्वपूर्ण तत्त्व हो । यस परिच्छेदमा कथनीयतासम्बन्धी उपर्युक्त मान्यताका आधारमा निर्धारित मनोविश्लेषणात्मक कथाको विश्लेषण गरिएको छ ।

कथामा समाख्याताको स्थान, समाख्याताको वाच्यता, समाख्याताको घटना वर्णनशैली, सङ्केन्द्रकको स्थान, सङ्केन्द्रित विषय, सङ्केन्द्रित विषयप्रतिको सङ्केन्द्रकको दृष्टिकोण, कथनीयता एवम् कथनीय गुण आदि पक्षद्वारा नै कथा साकार हुन्छ । अतः यही समाख्यान सिद्धान्तका आधारमा यस अध्ययनमा 'पहेँलो गुलाफ' कथाको मूल्याङ्कन गरिएको छ ।

## विश्लेषण र परिणाम

प्रस्तुत लेखमा २०१६ सालमा *शारदा* पत्रिकामा प्रकाशित 'मैले सरिताको हत्या गरेँ' कथाको समाख्यानशास्त्रअन्तर्गत कथनीयताको निरूपण गरिएको छ । यसमा कथनीयताअन्तर्गत उक्त कथामा पाइने कथनीय तप्का वा सार एवम् कथनीयताको गुणको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । तत्कालीन सहरिया परिवेश एवम् खुला समाजमा मौलाएको विकृति र बढ्दो अपराध मनोवृत्तिको विमर्शका पृष्ठभूमिमा कथामा ग्रहण गरिएको कथनीयता र यसको कथात्मक सौन्दर्यको लेखाजोखा यस अध्ययनमा गरिएको छ ।

### 'मैले सरिताको हत्या गरेँ' कथाको विषयवस्तु

'मैले सरिताको हत्या गरेँ' कथामा स्वकथनात्मक समाख्याता 'म' ले आफैलाई सन्दर्भ बनाएर घटनालाई अभिमुखीकरण गरेको छ । यसमा उसकै असामान्य मनस्थितिलाई सङ्केन्द्रित विषय बनाइएको छ । प्रस्तुत कथामा यसैलाई आख्यानीकरण गरी कथानक निर्माण गरिएको छ । यस कथामा समाख्यातासमेत रहेको 'म' पात्र सङ्केन्द्रकका रूपमा रहेको छ भने उसको अपराध कर्मपछिको हीनताबोध एवम् विक्षिप्त मनोदशासँगै उसलाई त्यस अवस्थासम्म पुऱ्याउन भूमिका खेल्ने उसको सरितासँगको प्रेमसम्बन्ध, उसद्वारा गरिएको सरिताको हत्या, बिग्रँदो पारिवारिक वातावरण, परिवारको अभिभावकत्वविहीन अवस्था, सहरी खुला वातारणमा मौलाएको वेश्यावृत्ति र त्यहाँ धाउने उसको बानी तथा समाजमा रहेको जातीय विभेद जस्ता विभिन्न पक्ष सङ्केन्द्रित विषयभित्र समेटिएका छन् ।

प्रस्तुत कथामा आएको समाख्याता तथा पात्र सङ्केन्द्रक 'म' लाई मनोविश्लेषणात्मक चरित्र बनाई उसको मनोविज्ञानको गहिराइ नाप्ने काम यसमा भएको छ । ऊ अविवाहित युवक हो । उसले सरिता नामक युवतीसँग प्रेम गरेको छ । प्रेम असफल हुने पक्का र सरितालाई नपाउने निश्चित जस्तै भएपछि आवेशमा आएर उसले प्रेमिका सरिताको हत्या गरेका कारण ऊ उहिले झ्यालखानामा कैदीको जीवन बिताइरहेको कुरा यस कथामा चित्रित छ । त्यस युवकले आफ्नी प्रेमिका सरितालाई कुनै हालतमा पनि गुमाउन चाहेको छैन तर आमाबाबुले सरिताको विवाह अर्कै केटासँग गरिदिने निर्णय गरेको कुरा थाहा पाएपछि उसले एक दिन सरितालाई उसकै घरमा गएर निर्वस्त्र हुन लगाएको छ । एक त त्यसै राम्री त्यो युवती त्यसमाथि नाङ्गो अवस्थामा झन् राम्री देखेपछि उसभित्रको पशुप्रवृत्ति सक्रिय हुन पुग्दा उसले सरिता भावी पतिको हुन नसकोस् भन्ने विचार गरेर घाँटी थिचेर सरितालाई मारिदिएको छ । एकअर्काको पारस्परिक प्रेमलाई आफूआफूमै सीमित राख्ने र पराइको हातमा पर्न नदिने अत्यन्त स्वार्थी, व्यक्तिवादी र बर्बर त्यस युवकको एकाधिकारवादी सोचका कारणले प्रेमिकाको हत्या गरिएको गूढ कुरो यसमा देखाइएको छ (श्रेष्ठ, २०६८, पृ. १९०) । अपराध गरेका कारण युवक पश्चात्ताप र ग्लानिले भित्रभित्रै जल्न पुगेको छ । झ्यालखानाको कष्टकर जीवन, हीनता एवम् अपराधबोधले शारीरिक तथा मानसिक रूपमा अत्यन्त शिथिल उसको मनस्थितिको अभिव्यक्तिलाई यस कथामा कथनीयताको आधार बनाइएको छ ।

## 'मैले सरिताको हत्या गरेँ' कथामा कथनीय तप्का वा सार

मैले सरिताको हत्या गरेँ' कथामा परिस्थितिजन्य घटनाका कारण मानिसमा अपराध मनोवृत्ति बढ्दै जाँदा मानिस हिंस्रक बन्न पुगी अपराध कर्म गर्न उद्यत हुन्छ भन्ने कुरा कथनीय तप्का वा सारका रूपमा प्रस्तुत छ । मानिसमा जन्मजात रूपमा नै आवेगसंवेग एवम् पाशविक वृत्ति सुषुप्त अवस्थामा रहेका हुन्छन् । तिनलाई परिस्थितिजन्य घटनाले उद्बुद्ध पार्ने काम गर्छ र मानिसलाई सोही प्रवृत्तिको बनाउँछ भन्ने कुरा यस कथामा 'म' पात्रको कार्य एवम् चेतनाका माध्यमबाट सारका रूपमा प्रस्तुत छ । यस कथामा कार्य एवम् चेतना दुवै परिदृश्यबाट उपर्युक्त कथनीय सारको अभिव्यक्ति भएको छ । कार्य परिदृश्यअन्तर्गत यस कथामा 'म' पात्रका कार्यव्यापार, उसको अभिवृत्ति तथा उसको काम गराइको लक्ष्य आदिबाट कथनीयता मूल्याङ्कन गर्न सकिन्छ ।

प्रस्तुत कथाको समाख्याताले परिस्थितिजन्य घटनाको सामना गर्नुपरेको छ । सानैमा बाबुआमा गुमाउनुको पीडा एवम् मानसिक आघात भोग्नु, परिवारको माया तथा उपयुक्त मार्गनिर्देशन पाउन नसक्नु, स्वच्छन्द सहरी वातावरणको प्रभाव एवम् खराब साथीभाइको सङ्गतका कारण कुलतमा फस्न पुग्नु जस्ता उससँग सम्बद्ध घटनाक्रमले उसको मनोविज्ञानलाई नकारात्मक बनाइदिएको छ । सरितासँगको प्रेममा आएको खटपट, अभिभावकको ममता एवम् संरक्षकत्वको अभावको महसुस एवम् सरिताको परिवारले गरेको जातीय भेदभावको व्यवहारका कारण 'म' पात्रको मनोविज्ञानमा असर परेको छ । यस्तो परिस्थितिका कारण उसका कार्यहरू नकारात्मक हुन थालेका छन् । 'म' पात्र बिस्तारै परिवारबाट टाढिँदै गएको छ । मन बहलाउने बहानास्वरूप ऊ गुप्तकोठीहरू धाउन

थालेको छ र यसमा उसको लत नै बसेको छ । गुप्तकोठीमा जान खर्च जुटाउन उसले आफ्ना सामान बेच्न तथा दाजुको पैसासमेत चोर्न थालेको छ । यही अपराध मनोदशालाई यस कथामा कथनीयता बनाइएको छ । यस कथामा म पात्रको मनोदशा दिनानुदिन बिग्रँदै गएको देखाइएको छ र यसबाट ऊ अपराध कर्म गर्न उद्यत रहेको स्पष्ट हुन्छ । गुप्तकोठीका महिलाहरूप्रति उसले पाशविक व्यवहार देखाएको छ । ऊ दिनानुदिन बिग्रिँदै गएको छ । हरेक राम्रा कुरामा पनि ऊ नकारात्मक बन्दै गएको घटना विकसित भएको छ । अझ आफू कथित सानो जातको भएको भनेर सरिताको परिवारले सरिताको अन्तै बिहे गरिदिन लागेको घटना र सरिता आफूबाट टाढा हुन खोजेको कुरा थाहा पाएपछि त उसमा जीवनप्रतिको निराशा पनि तीव्र बनेको छ । आफूले नपाए सरितालाई अरूकी पनि हुन नदिने स्वार्थी मनोविज्ञानको विकास पनि उसमा भएको छ । यस घटनाबाट उसमा अपराध मनोवृत्ति बढेको कुरा बुझ्न सकिन्छ । यति मात्र नभएर उसको मनोविज्ञान समस्त महिलाहरूप्रति नै नकारात्मक बन्न पुगेको कुरा यस कथामा चित्रित छ । गुप्त ठाउँमा गएर महिलाहरूलाई भोग्न खप्पिस ऊ ती महिलाहरूप्रति पनि हिंस्रक रूपमा प्रस्तुत हुन्छ : "म ती गुप्ती कोठाहरूका स्वास्नीमान्छेहरूप्रति यति क्रुर भएँ कि ती स्वास्नीमान्छेहरु मबाट छुटकारा पाउन मलाई टोक्थे, कुट्थे र मेरो कपाल लुछ्थे" (मल्ल 'गोठाले', २०३९, पृ. ६) । यस उद्धरणमा 'म' पात्रको महिलाहरूप्रतिको पाशविक वृत्तिको चित्रण भएको छ । यो कुरा पात्रको कार्य परिदृश्यबाट प्रस्तुत छ । सबैतिरबाट एक्लो र निराश अनुभव गर्न पुगेपछि र प्रेमिका सरिता पनि आफूबाट टाढा हुन थालेपछि 'म' पात्र महिलाहरूप्रति अत्यन्त क्रुर एवम् हिंस्रक बन्न थालेको हो । यसले उसलाई अन्त्यमा अपराधी नै बनाएको छ । अन्त्यमा सरितालाई पाउन नसक्ने भएपछि उसले सरिताको हत्या गर्न पुगेको छ । उसका यस्ता कार्यबाट परिस्थितिजन्य घटनाका कारण उसमा जन्मजात रूपमा नै सुषुप्त रहेको अपराध मनोवृत्ति बढ्दै गएकाले ऊ हिंस्रक बन्न पुगेको कुरा प्रस्ट हुन्छ । यसकै परिणामस्वरूप ऊ अपराध कर्म गर्न उद्यत भएको कुरा यस कथामा कथनीय सारका रूपमा आएको छ ।

प्रस्तुत कथामा चेतना परिदृश्यअन्तर्गत कथाको कार्यात्मक तहमा रहेको 'म' पात्रले के अनुभूत गऱ्यो वा गरेन, के विचार गऱ्यो वा गरेन भन्नेमा ध्यान दिइएको छ र यसबाट कथनीयता अभिव्यक्त भएको छ । समाख्यानमा पात्रका चेतनाका विशिष्टता र सीमा जस्ता कुरा आएका हुन्छन् (ब्रुनर, सन् १९८६, पृ. १३-१४) । यस कथामा 'म' पात्रको चेतनाको तहको विस्तृत आयाम केलाइएको छ र यसबाट कथनीयता सङ्केतित छ । यसमा 'म' पात्रका चेतनाका विशिष्टता र सीमा जस्ता कुरा प्रस्तुत छन् र ती कथनीयताका सूचकका रूपमा रहेका छन् । यस कथाको स्वकथनात्मक समाख्याता एवम् प्रमुख पात्र 'म' को अपराध मनोवृत्ति एवम् कार्यबाट यसको पुष्टि हुन्छ । 'म' पात्र कलेज पढ्दै गरेको एक अल्लारे युवक हो । परिस्थितिजन्य घटनाका कारण उसमा अपराध मनोवृत्ति, हीनताग्रन्थिको प्रबलता एवम् प्रतिशोधको भाव बढेको छ । यसै कारण ऊ मनोविकृत हुँदै गएको कुरा कथामा चित्रित छ :

> म कोठामा एक्लै हुन्थें र कोठाका दलिनहरु एक अर्कोमाथि खप्टिएर मलाई घेर्न बसेका जस्तो लाग्थ्यो । मेरो कोठाको एकातिरको भित्तामा एक ठाउँमा लिउनको चोक्टा उप्केको थियो र त्यसै ठाउँमा विभिन्न विकृत अनुहारहरु बन्दथे र मलाई त्यसमा समावेश हुन 'आऊ

> आऊ' भनेर बोलाइरहेका हुन्थे । कोठाको शून्यमा सदा-सर्वदा हावामा कसैले व्यथा र पीडाको भारी बोझ सुस्केरा हालिरहेको हुन्थ्यो । कहिलेकाहीँ मलाई लाग्थ्यो–म आफैं त्यहाँ छैन, शून्यमा पग्लिसकेको छु । तर एकैछिन अचानक म शून्यबाट उभिएर आएको मलाई लाग्थ्यो । (मल्ल 'गोठाले', २०३९, पृ. २)

उपर्युक्त उद्धरणमा 'म' पात्रको मनोस्नायुविकृत अवस्थाको चित्रण भएको छ । यो कुरा पात्रको चेतना आधारभित्तिबाट प्रस्तुत छ । समस्याले घेरिँदै गएपछि र सबैले साथ छोड्दै गएपछि उसले आफूलाई नितान्त एक्लो महसुस गरेको छ । ऊ कोठामा एक्लै बस्छ, कसैले भनेको पनि मान्दैन र कलेज पनि जाँदैन । कोठामा एक्लै बस्दा उसको मस्तिष्कमा अनेक रहस्यमय कुरा खेल्ने गरेका छन् भने उत्तिकै भ्रम पनि उत्पन्न हुने गरेको छ । कोठाका दलिन एकअर्कोमाथि खप्टिएर आफूलाई घेर्न बसेका जस्तो उसलाई लागेको छ । उसले कोठाको भित्तामा लिउनको चोक्टा उप्केको ठाउँमा विभिन्न विकृत अनुहारहरू बनेको देखेको र तिनले उसलाई त्यसमा समावेश हुन 'आऊ आऊ' भनेर बोलाइरहेको जस्तो भ्रमित अनुभव पनि गरेको छ । यससँगै उसलाई कोठाभरि व्यथा र पीडाको भारी बोझ सुस्केरा हालिरहेको र आफू शून्यमा पग्लिसकेको जस्तो लागेको कुरा पनि चित्रित छ । समग्रमा यसमा 'म' पात्रको विकृत मनोदशाको अभिव्यक्ति भएको छ । विश्लेष्य कथामा अनेक समस्याका कारण मनोस्नायुविकृत बनेको 'म' पात्रले क्रुर एवम् हिंस्रक बनेर प्रेमिका सरिताको हत्या गरेको छ र त्यस कुरालाई आफैले स्वीकार पनि गरेको छ । यो कुरा कथामा उसको चेतनाका तहबाट आएको छ : "मैले सरितालाई लुगाफाटो र गहनाको लागि मारेको होइन, प्रेमको कारणले मारेको हो । म उनीहरूलाई कति सम्झाउन खोज्दछु– 'सरिताको समग्रतालाई अनन्त समयको लागि प्राप्त गर्न मैले उसलाई मारेको हुँ ।' तर उनीहरु सम्झँदै सम्झँदैनन् र मुन्टो हल्लाएर बस्छन् "(मल्ल 'गोठाले', २०३९, पृ. २) । यस उद्धरणमा 'म' पात्रले सरितालाई मार्नुको कारण प्रस्ट्याको छ । यो कुरा पात्रको कार्य परिदृश्यबाट आएको छ । उसले लुगाफाटो वा गरगहनाका लागि सरितालाई मारेको नभई प्रेमका कारणले मारेको प्रस्टीकरण दिएको कुरा यसमा आएको छ । उसले यस जुनीमा सरितालाई प्राप्त गर्न असम्भव भएपछि आफू पनि मर्ने र अर्को जुनीमा र अझ जुनीजुनीसम्म पनि परलोकमा उसलाई पाइरहने अन्धविश्वास राखेर उसको हत्या गरेको छ । यसमा सरिताको समग्रतालाई अनन्त समयको लागि प्राप्त गर्न मैले उसलाई मारेको हुँ भनेर पटकपटक अरूलाई बुझाउने प्रयास उसले गरेको छ ।

पारिवारिक तथा बाह्य विविध परिस्थितिका कारण 'म' पात्रमा नैसर्गिक रूपमा रहेको पाशविकता एवम् अपराध मनोवृत्ति बढ्दै जाँदा उसले प्रेमिका सरिताको हत्या गरेको कुरा प्रस्तुत कथामा आएको छ । यस कथामा 'म' पात्रमा विकसित यही अपराध मनोवृत्ति र उसबाट हुन गएको सरिताको हत्याका माध्यमबाट मानिसमा जन्मजात रूपमा नै अपराध मनोवृत्ति हुने र परिस्थतिजन्य घटनाका कारण यसले जागृत हुने अवसर पाउँछ र मानिस अपराध गर्न अग्रसर हुन्छ भन्ने कुरा कथनीय तप्काका रूपमा आएको स्पष्ट हुन्छ ।

## 'मैले सरिताको हत्या गरेँ' कथामा कथनीयताको गुण

'मैले सरिताको हत्या गरेँ' कथामा परिस्थितिजन्य घटनाका कारण मानिसमा अपराध मनोवृत्ति बढ्दै जाँदा ऊ अपराधी बन्न पुग्छ भन्ने कुरा कथनीय तप्काका रूपमा प्रस्तुत छ । यस कथामा अपराध मनोविज्ञानसँग सम्बन्धित सङ्केन्द्रित विषयभित्र कथनीयतालाई नाटकीकरण वा आख्यानीकरण गरिएको छ : "म ती गुप्ती कोठाहरूका स्वास्नीमान्छेहरूप्रति यति क्रुर भएँ कि ती स्वास्नीमान्छेहरू मबाट छुटकारा पाउन मलाई टोक्थे, कुट्थे र मेरो कपाल लुछ्थे । पछि, भोलिपल्ट अथवा पर्सिपल्ट जतिसुकै धेरै मोल तिरे पनि मसँग फसिसकेका स्वास्नीमान्छे फेरि मसँग बस्न मान्दैनथे" (गोठाले, २०३९, पृ. ६) । यस उद्धरणमा 'म' पात्रको हिंस्रक एवम् अपराधजन्य मनोदशा चित्रित छ । यस कथाको प्रमुख पात्र 'म' मनोवैज्ञानिक चरित्र हो । उसमा अपराध मनोवृत्ति  पाइन्छ । यस्तो मनोवृत्तिले उद्बुद्ध हुने उपयुक्त परिवेश प्राप्त गरेका कारण 'म' पात्रले आफ्नी प्रेमिका सरिताको हत्या गरेको विषय यस कथामा सङ्केन्द्रित छ । यसबाट मानिसमा जन्मजात रूपमै सुषुप्त अवस्थामा रहने हिंस्रक एवम् आपराधिक मनोवृत्तिले परिस्थितिजन्य घटनाका कारणले हुर्किने मौका पाउँदा मानिस अपराध गर्नपुग्छ भन्ने सार अभिव्यक्त भएको छ । सरितासँगको प्रेमसम्बन्ध असफल हुन लाग्दा 'म' पात्रमा हीनताग्रन्थिको प्रबलता पनि देखिएको छ । उसमा प्रतिशोधको भावना पनि बढेर गएको छ । 'म' पात्रको सरितासँगको प्रेम सम्बन्ध, परिस्थितिजन्य घटनाबाट उसमा विकसित अपराध मनोवृत्ति र अन्त्यमा सरिताको हत्यासम्मका घटना प्रसङ्ग यसमा शृङ्खलाबद्ध रूपमा आएका छन् ।

प्रस्तुत कथामा समाख्यानशास्त्रीहरूले औँल्याएका प्रासङ्गिकता, परम्परागत साहित्यिक मूल्य वा स्थापित मापदण्डहरूको उल्लङ्घन, विशिष्ट आनुभविकता जस्ता कथनीय गुण पाइने हुनाले यो कथा कथनीय बन्नपुगेको छ । सामाजिक यथार्थवादी एवम् मनोविश्लेषणात्मक यथार्थवादी कथा परम्परामा अपराध मनोविश्लेषणमा आधारित यस कथाले परम्पराको उल्लङ्घन गर्नुका साथै कथनीयतामा नयाँपन दिएको छ । प्रस्तुत कथामा आएका अपराध मनोविज्ञानसँग सम्बद्ध समाजमा मौलाउँदै गएको वेश्यावृत्ति एवम् अपराधका घटना तत्कालीन प्रासङ्गिक सन्दर्भ हुन् । यस्ता विषयप्रति पाठकको ध्यान सजिकै आकृष्ट हुने हुनाले यो पाठकका लागि रूचिकर हुन्छ । यो लेखक तथा पाठकको विशिष्ट अनुभवका रूपमा रहेको छ र यो कथाकारको सिर्जनात्मक अभिव्यक्ति पनि हो । समाजमा आपराधिक घटना घटिरहेका हुन्छन् र त्यसलाई मानिसले अनुभव पनि गरिरहेकै हुन्छन् । यही विशिष्ट अनुभवलाई यसमा कथनीयता बनाइएको छ ।

मानिसले गर्ने अपराध मनोवैज्ञानिक विषय भएकाले यो अध्ययनको विषय पनि बन्न पुग्छ । यस कथामा यही अपराध मनोविश्लेषणलाई विषय बनाई कथनीयता प्रस्तुत गरिएको छ । यस कथामा सारकथन सुहाउँदिला पात्रहरू चयन र घटना शृङ्खला निर्माण गरी प्रस्तुत गरिएकाले कथनीयताको प्रभावकारितासँगै सिङ्गो कथाकै सौन्दर्यमा वृद्धि भएको छ । प्रभावपूर्ण सारकथन त्यसको व्यवस्थित प्रस्तुति तथा सम्प्रेषणीयताका कारणले यस कथाको कथनीयताले पाठकलाई आकर्षण गरेको छ । कथनीयताको व्यवस्थित योजनाका कारण यस कथाको सम्प्रेषणीयता उच्च छ

प्रस्तुत कथामा पात्र र कार्यबिचको अन्योन्य क्रिया योजनाबद्ध ढङ्गले भएको छ । यसबाट विश्लेष्य कथामा कथनीय सार व्यवस्थित एवम् विश्वसनीय रूपमा आएको छ । सङ्केन्द्रित विषयभित्र कथनीय तप्काको नाटकीकरण उपयुक्त तरिकाले भएकाले यस कथामा यथार्थको भ्रम पैदा भएको छ । कथनीय तप्का अनुकूल सङ्केन्द्रित विषयको निर्माण गरी व्यवस्थित ढङ्गबाट कथनीयताको अभिव्यक्ति यसमा भएको छ । यसबाट कथनीयताको विश्वसनीयता बढेको छ भने यसले पाठकलाई सजिलै आकर्षण पनि गर्नसक्छ । यसमा सारकथनको अभिव्यक्ति वाक्यात्मक रूपमा नभएर विस्तारित रूपमा आएको छ । यसमा कथनीयतालाई प्रतीकात्मक वा व्यञ्जना अर्थका तहबाट नभएर अभिधा अर्थका तहबाट प्रस्तुत गरिएको पाइए पनि त्यसलाई नाटकीकरण गरिएकाले त्यो प्रभावकारी बन्न पुगेको छ । यस कथाको कथनीयता सबल भएकाले यसले कथाको समग्र सौन्दर्यमा नै सकारात्मक प्रभाव पारेको छ र कथाप्रति पाठकीय अभिरूचि बढाएको छ ।

विश्लेष्य कथामा सङ्केन्द्रित विषयसँग अन्तर्सम्बद्ध गरी कथनीयतालाई विश्वसनीय ढङ्गले प्रस्तुत गरिएको छ । कथनीयतालाई काल्पनिक घटना र पात्रहरूको उपयुक्त संयोजनद्वारा कलात्मक ढङ्गले नाटकीकरण गरिएकाले यो कथा कथनीय बनेको छ । यसमा कथनीयतालाई विचार वाक्यका रूपमा वा प्रतीकका माध्यमबाट प्रस्तुत नगरेर समग्र विषयभित्र विस्तार गरी प्रस्तुत गरिएको छ । कथनीयतालाई सोभै नभनेर प्रशस्त मात्रमा नाटकीकरण गरिएकाले यो व्यवस्थित एवम् प्रभावकारी बनेको छ । यसमा पात्र र घटना वा कार्यबीच अन्योन्य क्रिया सुनियोजित रूपमा भएको छ भने यसबाट कथनीयता सार्थक बनेको छ । कथनीयता विश्वसनीय ढङ्गले आएकाले यसमा यथार्थको भ्रम उत्पन्न भएको छ र यसले कथाको सौन्दर्यमा सकारात्मक प्रभाव पारेको छ ।

## निष्कर्ष

'मैले सरिताको हत्या गरेँ' कथामा अपराध मनोविश्लेषणसँग सम्बद्ध सारवस्तुलाई कथनीयताका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा कथनीयताको प्रस्तुतिका लागि मनोविश्लेषणसँग सम्बद्ध सङ्केन्द्रित विषयको चयन गरिएको छ र त्यसभित्र कथनीयतालाई अन्तर्सम्बद्ध तुल्याइएको छ । व्यक्तिको मनोविश्लेषणसँग सम्बद्ध सङ्केन्द्रित विषयबाट व्यक्ति मनोविज्ञानसँग जोडिएको सारकथनको अभिव्यक्ति प्रस्तुत कथामा भएको पाइन्छ । यस कथामा व्यक्ति मनसँग सम्बद्ध पक्षलाई सामान्यीकरण गरी त्यसलाई सार्वजनीन बनाउने प्रयास गरिएको पाइन्छ र त्यो यस कथाको मूल अभिप्राय पनि हो ।

प्रस्तुत कथामा मूलतः अपराध मनोवृत्तिलाई कथनीयता बनाइएको छ । यस कथामा चेतना तथा कार्य दुवै परिदृश्यबाट कथनीयताको प्रस्तुति भएको छ । वैयक्तिक एवम् सामाजिक पक्षले व्यक्ति मानसिकतामा पार्ने प्रभाव वा असरलाई कथनीयता बनाइएकाले यस कथामा कार्यभन्दा बढी चेतना परिदृश्यबाट कथनीयताको अभिव्यक्ति भएको पाइन्छ । चेतना परिदृश्यअन्तर्गत कथाको कार्यात्मक तहमा रहेका पात्रहरूले गरेका अनुभव, उनीहरूका सोचाइ एवम् विचार जस्ता पक्षबाट कथनीयता

अभिव्यक्त भएको पाइन्छ । यस कथामा मूलतः प्रमुख पात्र 'म' का अनुभवलाई कथनीयता अभिव्यक्तिको आधार बनाइएको छ । यस कथामा पात्रले अनुभव गर्न नसकेका, सोच्न नसकेका वा विचार गर्न नसकेका कुराहरूबाट पनि कथनीयताको प्रस्तुति भएको देखिन्छ । कथनीयताको अभिव्यक्तिका लागि यस कथामा पात्रको चेतनाको विस्तृत आयामको सूक्ष्म निरीक्षण गरिएको छ । कार्य परिदृश्यअन्तर्गत यस कथामा पात्रका कार्यव्यापार, उनीहरूको अभिवृत्ति तथा उनीहरूको काम गराइको लक्ष्य आदिबाट कथनीयता अभिव्यक्त भएको पाइन्छ । प्रस्तुत कथामा समाख्यानशास्त्रीहरूले औँल्याएका साहित्यिक मूल्य वा स्थापित मापदण्डको उल्लङ्घन, प्रासङ्गिकता, विशिष्ट आनुभविकता, सिर्जनात्मक प्रेरणा, रूचिकर बिन्दु वा शिक्षा जस्ता कथनीय गुण पाइन्छन् । परम्परा भिन्न तथा नवीन खालको विषय, समाजमा रहेको प्रासङ्गिक घटना, मानिसको विशिष्ट अनुभूति, पाठकलाई आकर्षण गर्ने र शिक्षा दिने रूचिकर विन्दु जस्ता कुरालाई यस कथामा कथनीयताका रूपमा सचेत रूपमै स्थापना गरिएको छ । समाजले निषेध गरेका तथा बेवास्ता गरेका अपराध मनोविज्ञानसँग सम्बद्ध समस्यामा आधारित भएर पाठकीय आकर्षणयुक्त कथनीयताको अभिव्यक्ति भएका कारण यो कथा कथनीय भएको छ ।

प्रस्तुत कथामा कथनीयता अनुकूल काल्पनिक घटना एवम् पात्रको संयोजन गरी कथनीयताको उपयुक्त ढङ्गले नाटकीकरण गरिएकाले कथनीयता विश्वसनीय बन्नुका साथै कलात्मक पनि बनेको पाइन्छ । कथनीयतालाई सार्थक बनाउने उद्देश्यले यस कथामा पात्र र कार्यबीच अन्योन्य क्रिया सुनियोजित रूपमा नै भएकाले कथाको सौन्दर्य पक्ष बलियो बनेको देखिन्छ । पात्रको चरित्रचित्रणमा एकरूपता कायम गरेर चरित्रचित्रणमा जीवन्तता ल्याई मानव जीवनको यथार्थ प्रतिच्छवि उतार्ने प्रयास यस कथामा गरिएको पाइन्छ । यस्तो कार्यले यथार्थको नाटकीय भ्रम सिर्जना गर्न सकेका कारण यस कथाले पाठकलाई आकर्षण गर्ने सामर्थ्य राख्नुका साथै सम्प्रेषणीयताको गुणलाई आत्मसात गरेका छ । समग्रमा यस कथामा सङ्केन्द्रित विषयका रूपमा व्यक्ति मनको विश्लेषणमार्फत कथनीयताको अभिव्यक्ति भएको छ । कथनीयताका गुण उल्लेख्य पाइने हुनाले यो कथा कथनीय छ । यस कथामा कथनीयता अनुकूल काल्पनिक घटना एवम् पात्रको संयोजन गरी सङ्केन्द्रित विषयको निर्माण गरिएको पाइन्छ । व्यक्तिको मनोजगत् सम्बद्ध विषयलाई कथनीयता बनाइएकाले यस कथाको संरचना कारण-कार्ययुक्त र समस्यामूलक बन्न पुगेको देखिन्छ । कथनीयताको उपयुक्त प्रयोगका कारण यस कथाको संरचनामा सकारात्मक प्रभाव परेको पाइन्छ भने यसबाट प्रस्तुत कथामा कलात्मक सौन्दर्यको अभिवृद्धि पनि भएको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

मल्ल 'गोठाले', गोविन्दबहादुर (२०५२), *बाह्र कथा* : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (सम्पा.२०५७), *नेपाली कथा* (भाग-४), दोस्रो संस्क : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६८), 'गोविन्दबहादुर मल्ल 'गोठाले' यौनविषयका विलक्षण मनोवैज्ञानिक कथाकार,' *रत्न बृहत् नेपाली समालोचना प्रायोगिक खण्ड*, सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मण गौतम : रत्न पुस्तक भण्डार ।

Baroni, R. (2007). *La Tension narrative. Suspense, curiosite et surprise*: Seuil.

Baroni R. (2014). Tellibility. In, Huhn. Peter et al.(eds). *the living handbook of narratology.*Hamburg : Hamburg University. URL http://www.lhn.uni-hamburg.de/article/tellability

Branigan, E. (1992). *Narrative Comprehension and Film*: Routledge.

Bruner, J. (1991). *Actual Minds, Possible Worlds*: Harvard University press.

Fludernik, M. (1996). *Towards a Natural Narratology*: Routledge.

Hayakawa, S.I. (1964). *Language in Thought and Action*: Harcourt.

Jahn, M. (2017). Narratology : A guide to the Theory of Narrative, English Department, Univercity of cologne. http://WWW.uni-koeln.de/~ameo/pppn.htm.

Labov, W. (1972). *Language in the Inner City : Studies in the Black English Vernacualar*: University of Pennsylvania Press.

Labov, W. & Joshua, W. (1967). Narrative Analysis : Oral Versions of Personal Experience. J. Helm (ed.). Essays on Verbal and Visual Arts. Seattle : University of Washington Press, 12–44

Margolin, U. (1990). Narrative 'You' Revisited. *Language and Style* 23.4: 425-446

Martin, W. (1986). *Recent theories of narrative*. Cornell University Press.

Norrick, N. R. (2004). Humor, Tellability, and Co-Narration in Conversational Storytelling. *Text* 24. (1), 74–111.

Norrick, N. R. (2005). The dark side of tellability. *Narrative Inquiry*. 15. 323-343.0. (1075) /ni.15.2.07nor.

Nunning, A. (1989). Grundzuge eines kommunikationstheoretischen Modells der erzahlerischen Vermittlung : Die Funktion der Erzahlinstanz in den Romanen George Eliots. Trier : WVT

Polanyi, L. (1979). So What's the Point ? *Semiotica*. 25, 207–41.

Ryan, M. (1991). *Possible Worlds, Artificial Intelligence, and Narrative Theory*: Indiana University press.